# आ.व.२०७८/०७९ मा डोटी जिल्ला विपद् व्यवस्थापन समितिले सम्पादन गरेको

# बार्षिक प्रतिवेदन, २०७९

<u>तयार गर्ने निकाय</u>

जिल्ला प्रशासन कार्यालय, डोटी
जिल्ला विपद् व्यवस्थापन समिति

<u>पेश गर्ने निकाय</u>

राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरवार, काठमाडौं
आन्तरिक मामिला तथा कानून मन्त्रालय,
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

## आ.व.२०७८/०७९ मा जिल्ला विपद् व्यवस्थापन समिति डोटीले सम्पादन गरेको कार्यको बार्षिक प्रतिवेदन

पृष्ठभूमिः-

साविक सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम दिपायल रहेको यस डोटी जिल्ला हाल सुदूरपश्चिम प्रदेशमा पर्दछ । सिलगढी सदरमुकाम रहेको यस जिल्लाको पूर्वमा अछाम र सुर्खेत, पश्चिममा डडेल्धुरा र बैतडी, उत्तरमा वझाङ तथा दक्षिणमा कैलाली जिल्लाहरू रहेका छन् ।

यस जिल्लाको कूल क्षेत्रफल २,०२५ वर्ग कि.मि. (१,२९,१९९ हेक्टर) मध्ये ५९,१०१ हेक्टर भू-भाग वनजङ्गल, ७,१११ हेक्टर सरकारी तथा गौचरन, ३०,७११ हेक्टर नदीनाला, ७,७३८ हेक्टर सिचित क्षेत्र र २४,५३८ हेक्टर सिंचित क्षेत्रले ओगटेको छ । यो जिल्लाको अधिकांश भू–भाग पहाडै पहाडले बनेको छ । यस जिल्लामा अधिकांस बस्तिहरु भिरालो जमिनमा भएका कारण मनसुनजन्य विपद्का समयमा बाढी, पहिरोका कारण बस्तिहरु जोखिममा रहेको छ । विपद्का घटनाबाट सर्वसाधरणको जीउधनको सुरक्षाको प्रत्याभूति गर्न, पूर्व तयारी तथा प्रतिकार्य गर्न जिल्ला विपद् व्यवस्थापन समितिले विभिन्न मितिमा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धमा अनौपचारिक तथा औपचारिक रुपमा देहायका निर्णय, राहत वितरण तथा उद्धारका कार्यक्रम र पहलकदमी गर्दै आएको । आगामी दिनमा समेत जिल्ला व्यवस्थापन समितिलाई कसरी प्रभावकारी र सूचनामूलक बनाउन सकिन्छ त्यसको लागि निरन्तर प्रयास कदमी चालिरहेको छ ।

देहायः-

- मनसुनजन्य विपद् प्रतिकार्य पूर्व तयारीका लागि संघ,प्रदेश र स्थानीय तहसँग आवश्यक समन्वय गरि आपतकालिन सामाग्री तथा जनशक्तिको व्यवस्था ।
- मनसुनजन्य कारणहरुबाट सडक तथा राजमार्गहरु अवरुद्व हुन सक्ने भएकोले अवरुद्व सडक तथा राजमार्गहरु सुचारु गराउन आवश्यक व्यवस्था मिलाउन स्थानीय तह , विषयगत कार्यालय तथा जिल्ला स्थित निजी तथा अन्य संघसस्थासँग समन्वय गरी आवश्यक साधन तथा जनशक्तिको व्यवस्था मिलाउने ।
- विपदबाट प्रभावितहरुको तत्काल खोज तथा उद्वारको लागि तत्काल जनशक्ति आवश्यक परेका बखत परिचालनका लागि सहजिकरण र व्यवस्थापन गर्ने ।



२०७९/०५/०९
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

- विपद्का वखत तत्काल उपयोग गर्न सकिने गरी आपतकालिन आश्रयस्थलका लागि सम्वन्धित स्थानीय तहसँग समन्वय गरी खुल्ला क्षेत्र तोकी आवश्यकता अनुसार उपयोगमा ल्याउने ।
- आपतकालिन पूर्वसूचनाका लागि DEOC संचालनमा ल्याउन सम्वन्धित सरोकारवालासँग समन्वय गरि आवश्यक सामाग्रीका लागि पहल गरिएको ।
- आपतकालिन प्रतिकार्यको लागि आवश्यक सामाग्री सहित खोज तथा उद्वार कार्यमा तत्काल खटिन सक्ने गरि जिल्ला स्थित सुरक्षा निकायहरुलाई तयारी अवस्थामा राखे
- विपद् प्रभावितहरुलाई तत्काल राहत उपलब्ध गराउने व्यवस्था मिलाईएको ।

आगामी दिनमा यस जिल्लामा विपद् जोखिम न्यूनिकरण खोज तथा उद्धार, राहत वितरण, पुननिर्माण तथा पुनस्थापना कार्यलाई प्रभावकारी वनाउन जिल्ला विपद व्यवस्थापन समिति लगायत सम्वद्ध सरोकारवालाहरुवीच समन्वय र सहकार्य प्रभावकारी वनाएको छ।

१.जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको संक्षिप्त विवरणः-

| सि.नं. | मिति | निर्णय संख्या | कैफियत |
|---|---|---|---|
| १ | २०७८/०४/२९ | १ | |
| २ | २०७८/०७/०३ | १२ | |
| ३ | २०७८/०७/२८ | १० | |
| ४ | २०७८/०९/२२ | ५ | |
| ५ | २०७८/११/२६ | ८ | |
| ६ | २०७९/०२/०९ | ३ | |
| ७ | २०७८/०३/१६ | १२ | |



२०७९/०५/०६

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

२.जिल्ला विपद् व्यवस्थापन समितिले बाढी पहिरोको उच्च जोखिम पहिचान भएका वस्तिहरुको विवरणः-

| सि.नं. | उच्च जोखिममा रहेको क्षेत्र | विपदको किसिम | प्रभावित घरधुरी | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|
| १ | बोगटान फुडसिल गाउँपालिका वडा नं.६ पलाडी माझरौटा बस्ति | पहरोको उच्च जोखिम | ४५ | जोखिम बस्ति अध्ययनका लागि सुदूरपश्चिम प्रदेश सरकारलाई अनुरोध गरिएको |
| २ | सायल गाउँपालिका वडा नं.२ भूल्केला | पहरोको उच्च जोखिम | ३५ | |
| ३ | दिपायल सिलगढी नगरपालिका वडा नं.७ कोईरेली | पहरोको उच्च जोखिम | ७० | |

३. आ.व.२०७८/०७९ मा जिल्ला विपत व्यवस्थापन समितिको बाट अनुमोदन गराई विपदबाट प्रभावितलाई राहत वितरको विवरणः-

| सि.न. | विपदको किसिम | प्रभावित क्षेत्र | राहत वितरण परिवार संख्या | वितरित राहत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | आगलागी | दिपायल सिलगढी नगरपालिका, शिखर नगरपालिका,सायल गाउँपालिका,आदर्श गाउँपालिका ,बोगटान फुडसिल गाउँपालिका, के.आई.सिंह गाउँपालिका,जोरायल गाउँपालिका , पूर्वीचौकी | ७ | ८४,०००। | |
| २ | हावाहुरी | | ९ | ९१,०००। | |
| ३ | बाढी पहिरो | | ४८१ | ६९,९७,०००। | |
| ४ | चट्याङ | | ० | ० | |
| | जम्मा | | | ७१,७२,०००। | |



प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

४. आ.व.२०७८/०७९ मा मनसुनजन्य विपद्का कारण ज्यान गुमाउने व्यक्तिको विवरण तथा जिल्ला विपत व्यवस्थापन समितिको बैठकबाट अनुमोदन गरी राहत प्राप्त गर्नेको विवरण:-

| सि.नं. | विपदका कारण ज्यान गुमाउन व्यक्तिको नामथर | ठेगाना | मृत्युका कारण | घटना मिति | वितरित राहत |
|---|---|---|---|---|---|
| १ | विरे रोकाया | सायल १ | बर्षाका कारण घर भत्की मृत्यु | २०७८/०७/२ | २,००,००० |
| २ | जंग बहादुर बिष्ट | सायल ४ | बर्षाका कारण घर भत्की मृत्यु | २०७८/०७/२ | २,००,००० |
| ३ | हिरुवा लुहार | सायल ५ | बर्षाका कारण घर भत्की मृत्यु | २०७८/०७/२ | २,००,००० |
| ४ | देव डुम्रेल | सायल ५ | बर्षाका कारण घर भत्की मृत्यु | २०७८/०७/२ | २,००,००० |
| ५ | सागर कुन्जेडा | सायल ६ | बर्षाका कारण घर भत्की मृत्यु | २०७८/०७/२ | ३,००,००० । |
| ६ | आषिक कुन्जेडा | सायल ६ | बर्षाका कारण घर भत्की मृत्यु | २०७८/०७/२ | |
| ७ | मन्धरा देवी बलायर | शिखर ११ | बर्षाका कारण घर भत्की मृत्यु | २०७८/०७/२ | २,००,००० |
| ८ | चन्नरी देवी ढोली | बोगटान फुडसिल ५ | बर्षाका कारण घर भत्की मृत्यु | २०७८/०७/२ | २,००,००० |
| ९ | रविन बि.क. | जोरायल १ | बर्षाका कारण घर भत्की मृत्यु | २०७८/०७/२ | २,००,००० |
| १० | जोगी सार्की | जोरायल ३ | बर्षाका कारण घर भत्की मृत्यु | २०७८/०७/२ | ३,००,००० । |
| ११ | झुपडी सार्की | जोरायल ३ | बर्षाका कारण घर भत्की मृत्यु | २०७८/०७/२ | |
| १२ | पुष्कर कामी | जोरायल ४ | बर्षाका कारण घर भत्की मृत्यु | २०७८/०७/२ | ५,००,००० । |
| १३ | शेर बहादुर कामी | जोरायल ४ | बर्षाका कारण घर भत्की मृत्यु | २०७८/०७/२ | |
| १४ | मोहन कामी | जोरायल ४ | बर्षाका कारण घर भत्की मृत्यु | २०७८/०७/२ | |
| १५ | पवित्रा कामी | जोरायल ४ | बर्षाका कारण घर भत्की मृत्यु | २०७८/०७/२ | |
| १६ | तुलाराम बिष्ट | आदर्श ७ | बर्षाका कारण घर भत्की मृत्यु | २०७८/०७/२ | २,००,००० । |
| | जम्मा | | | | २७,००,००० |



प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

५. मनसुनजन्य विपद् प्रभावित निजि आवास पुनर्निर्माण तथा पुनस्थापना अनुदान कार्यविधि (संशोधन सहित) २०७७ वमोजिम जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७९/०३/०६ गतेको निर्णयबाट सिफारिस भई राष्ट्रिय विपद् जोखिम न्यूनिकारण तथा व्यवस्थापन प्राधिकरणबाट समेत स्वीकृत भएका लाभग्राहीहरुको संक्षिप्त विवरण:-

| सि.नं. | पुनर्निर्माण | पुनर्निर्माण | पुनर्स्थापना | प्रबलिकरण | जम्मा |
|---|---|---|---|---|---|
| १ | दिपायल सिलगढी नगरपालिका | २२ | २ | ० | २४ |
| २ | शिखर नगरपालिका | १५ | ० | १ | १६ |
| ३ | के.आई.सिह.गाउँपालिका | २३ | ० | ० | २३ |
| ४ | सायल गाउँपालिका | ७ | ० | ० | ७ |
| ५ | पूर्विचौकी गाउँपालिका | ३ | ० | ० | ३ |
| जम्मा | | ७० | २ | १ | ७३ |

६. जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा छलफल भई विपद् रोकथाम तथा नियन्त्रणका लागि चालिएका कदम तथा जनचेतनामूलक काम कारवाहीको संक्षिप्त विवरण:

क)जिल्ला प्रशासन कार्यालय, डोटी, जिल्ला अस्पताल, स्वास्थ्य कार्यालय, डोटी तथा अन्य सरोकारवाला निकायहरुसंगको समन्वयमा कोभिड-१९ को समयमा जिल्ला प्रशासन कार्यालय परिसरभित्रै तथा अन्य विभिन्न स्थानहरुमा Health Desk राखी सेवाग्राही तथा सर्वसाधारण जनताको स्वास्थ्य परीक्षण तथा भ्याक्सिन लगाउने व्यवस्था गरेको।

ख) स्थानीय तह र विषयगत कार्यालयसँगको समन्वय र सहकार्यमा शिखर नपा-१० स्थित सिद्धेश्वर मा.वि. मा हुन सक्ने जोखिम न्यूनिकरण गर्न करिव १९२ जना सुरक्षाकर्मीहरुको सहयोगमा सेती नदी किनारमा तारजाली र बोरामा ढुङ्गामाटो भरी अस्थायी तटबन्ध निर्माण गरिएको ।

ग)नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाल रेडक्रस जिल्ला कार्यालय, डोटी लगायत सम्बद्ध संघ संस्थाहरु संगको समन्वय र सहकार्यमा सडक सुरक्षा /विपदजन्य सुरक्षा सम्बन्धी पूर्व अभ्यास गरिएको । तथा अन्य विपतमा आवद्घ संघ संस्थाहरु विचको समन्वयमा



२०७९/०४/०९
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डोटी

घ) राष्ट्रिय भूकम्प सुरक्षा दिवश,२०७८ मा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाल रेडक्रस सोसाईटी जिल्ला कार्यालय डोटीको संयुक्त आयोजनामा भु-कम्पीय जोखिम न्युनिकरण तथा सुरक्षाका उपाय, घाईतेको प्राथमिक उपचार र पिडित परिवारको उद्धार तथा राहत वितरण विषयलाई समेटी पूर्व अभ्यास कार्यक्रम गरिएको ।

निस्कर्ष :

भनिन्छ विपद बाजा बजाएर आउदैन। यो डोटी जिल्ला बाढी, पहिरो, आगलागी लगायतका विपदको उच्च जोखिममा रहेकोले आकस्मिक रुपमा आउने यस्ता विपद्का घटनाबाट हुनसक्ने जोखिम न्यूनिकरण, रोकथाम र प्रभावकारी खोज तथा उद्धारका लागि जिल्ला विपद व्यवस्थापन समिति, स्थानीय तह विषयगत कार्याल, विपदका क्षेत्रमा संलग्न संघसंस्था लगायत सरोकारवालावीच समन्वय र सहकार्य हुन जरुरी छ ।

घ) राष्ट्रिय भूकम्प सुरक्षा दिवश,२०७८ मा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाल रेडक्रस सोसाईटी जिल्ला कार्यालय डोटीको संयुक्त आयोजनामा भु-कम्पीय जोखिम न्युनिकरण तथा सुरक्षाका उपाय, घाईतेको प्राथमिक उपचार र पिडित परिवारको उद्धार तथा राहत वितरण विषयलाई समेटी पूर्व अभ्यास कार्यक्रम गरिएको ।

निस्कर्ष :

भनिन्छ विपद बाजा बजाएर आउदैन। यो डोटी जिल्ला बाढी, पहिरो, आगलागी लगायतका विपदको उच्च जोखिममा रहेकोले आकस्मिक रुपमा आउने यस्ता विपद्का घटनाबाट हुनसक्ने जोखिम न्यूनिकरण, रोकथाम र प्रभावकारी खोज तथा उद्धारका लागि जिल्ला विपद व्यवस्थापन समिति, स्थानीय तह विषयगत कार्याल, विपदका क्षेत्रमा संलग्न संघसंस्था लगायत सरोकारवालावीच समन्वय र सहकार्य हुन जरुरी छ ।

(तिलक नेपाली )
ना.सु
तयार गर्ने

(दीपा जोशी)
प्रशासकीय अधिकृत
प्रमाणीत गर्ने